# मर्मत संभार संचालन कार्यविधि, २०७८

मुसिकोट नगरपालिका बैठकबाट स्वीकृत मिति २०७८/०१/२९

मुसिकोट नगरपालिका, गुल्मी

# मर्मत संभार कोष संचालन कार्यविधि, २०७८

(मुसिकोट नगरकार्यपालिका बैठकबाट स्वीकृत मिति २०७८।०१।२९)

**प्रस्तावना**

सामाजिक र आर्थिक क्षेत्रको विकासको लागि भौतिक पुर्वाधारले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । भौतिक पुर्वाधारलाई मर्मत, सम्भार र दिगो गर्नको लागि त्यस्ता पुर्वाधारहरुको नियमित मर्मत सम्भार गर्नुपर्ने हुन्छ । स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ उपदफा (२) को खण्ड (ट) को बुँदा २ र ३ ले गाउँपालिका तथा नगरपालिकाले स्थानीय ग्रामिण तथा कृषि सडक, झोलुङ्गे पुलपुलेसा, सिँचाई र तटबन्ध सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत सम्भार, रेखदेख, स्तरोन्नती, अनुगमन तथा नियमन गर्नुपर्ने भनी उल्लेख छ । नगरपालिकाबाट स्थानीय पूर्वाधारको नियमित तथा आकस्मिक मर्मत सम्भार गर्नको लागि कोष स्थापना गरी कार्य गर्दा त्यसले मर्मत सम्भार कार्य व्यवस्थित तथा विधिसँगत ढँगले सम्पन्न गर्न सहज हुने भएकाले मुसिकोट नगरकार्यपालिकाले यो मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८ तयार गरिएको हो ।

## परिच्छेद – १
## संक्षिप्त नाम र प्रारम्भ

१.१ यो कार्यविधिको नाम "मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८" रहने छ ।

१.२ यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि लागू हुनेछ ।

## परिच्छेद – २
## परिभाषा

**२. विषय र प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:**

(क) "उपभोक्ता समिति" भन्नाले नगर टोल आदि क्षेत्रमा सञ्चालन हुने आयोजनावाट प्रत्यक्ष सेवा पुग्ने समूहवाट उक्त योजना संचालन गर्न वनेको समितिलाई सम्झनु पर्छ ।

(ख) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले मुसिकोट नगरकार्यपालिका सम्झनु पर्दछ ।

(घ) "कार्यविधि" भन्नाले "मर्मत सम्भार कोष संचालन कार्यविधि, २०७८" सम्झनु पर्छ ।

(ङ) "नगरपालिका" भन्नाले मुसिकोट नगरपालिका सम्झनु पर्छ ।

(च) "सचिव" भन्नाले नगरपालिका सचिव तथा प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ ।

## परिच्छेद – ३
## कार्यविधिको उद्देश्य

**३ . यस कार्यविधिको उद्देश्य देहाय बमोजिम हुनेछ,**

यस कार्यविधिको प्रमुख उद्देश्य मुसिकोट नगरपालिका क्षेत्र भित्र रहेका, सडक, खानेपानी, सार्वजनिक भौतिक संरचना (मन्दिर, पाटी, पौवा, विद्यालय भवन, नगर कार्यपालिका भवन, वडा कार्यालय भवन, आदी) को नियमित तथा आकस्मिक मर्मत सम्भार गरी तीनिहरुको दिर्घकालिन उपयोग गर्नु रहेको छ । मर्मत सम्भारको योजना तयार गर्ने, मर्मत सम्भारका लागि स्थानीयको सहकार्य जुटाउने, मर्मत सम्भारका लागि आर्थिक स्रोत जुटाउने ।

## व्यवस्थापन समिती

**३.१ व्यवस्थापन समितिको गठन**

(क) मर्मत सम्भार कोषलाई वढी प्रभावकारी र भरपर्दो ढंगले सञ्चालन गर्न देहाय वमोजिमको एक मर्मत सम्भार कोष व्यवस्थापन समिति रहने छ,

१. नगरपालिका प्रमुख–संयोजक

२. प्रमुख प्रशासकीय अधिकृत –सदस्य

३. नगरपालिका प्रमुखले तोकेको वडा अध्यक्ष मध्येवाट १ जना –सदस्य

४.नगरपालिका प्रमुखले तोकेको नगरकार्यपालिका सदस्य मध्येवाट १ जना –सदस्य

५.लेखा प्रमुख – सदस्य

६.प्राविधिक शाखा प्रमुख– सदस्य सचिव

ख) समितिको वैठक कम्तिमा ४ महिनामा एक पटक वस्ने छ र आवश्यक परेमा जुनसुकै वखत पनि बस्नेछ ।

ग) वैठक बसेको वखत वैठक भत्ता स्था.नि. आ. प्र. सम्वन्धी नियमावली अनुसार हुने छ ।

घ) वैठकमा आवश्यकता अनुसारका व्यक्ति तथा विशेषज्ञलाई आमन्त्रण गरी आमन्त्रितको रुपमा राख्न सकिने छ ।

**३.२ व्यवस्थापन समितीको काम, कर्तव्य र अधिकार**

क) व्यवस्थापन समितीको निम्नानुसार काम, कर्तव्य र अधिकार हुनेछ,

१. नगरपालिकामा रहेका सडकहरुको प्राथमिकता तोकी मर्मत सम्भारको एकिकृत वार्षिक कार्यक्रम वनाउने,

२. मर्मत सम्भार कोषमा रकम जम्मा गर्नको लागि श्रोत र साधनको खोजी गर्ने,

३. मर्मत सम्भारलाई दिगो र भरपर्दो वनाउने उपायको खोजी गर्ने,

४. भौतिक पुर्वाधार मर्मत सम्भार गर्दा लाग्ने खर्चमा न्यूनिकरण गर्न तत् सम्बन्धी कार्यको योजना वनाउने,

५. भौतिक पुर्वाधार मर्मत सम्भार कार्यलाई प्रभावकारी वनाउने,

६.भौतिक पुर्वाधार मर्मत सम्भार समवन्धी कार्यको अनुगमन तथा निरीक्षण गर्ने/ गराउने,

## परिच्छेद – ४
## कोष स्थापना

४. मर्मत सम्भार कोषको नामले एउटा छुट्टै कोष स्थापना गरिनेछ, जसमा देहाय वमोजिमको रकम जम्मा हनेछ

(१) नेपाल सरकारवाट मर्मत संभार कोषको लागि भनी तोकीदिएको रकम,

(२) स्थानीय तह कार्यपालिका वा नगर सभावाटवाट मर्मत संभारको लागि छुट्टाइएको रकम,

(३) स्थानीय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम,

(४) अन्तराष्ट्रिय गैह्र सरकारी संघ संस्थावाट मर्मत संभारको लागि प्राप्त रकम,

(५) अन्य निकायहरुबाट मर्मत संभार कोषमा जम्मा हुने गरी तोकीदिएको रकम,

(६) ब्यक्ति वा स्स्थावाट मर्मत संभार कोषमा उपलब्ध गराएको रकम,

४.१ **कोष सञ्चालन** :–

(क) कोषको नाममा प्राप्त हून आएको रकम मुसिकोट नगरपालिकाको कार्यालयको मर्मत सम्भार कोष नामको खाता खोली जम्मा गरिने छ,

(ख) कोषको खाता प्रमुख प्रशासकीय अधिकृत र लेखा शाखाको प्रमुखको संयूक्त दस्तखतवाट सञ्चालन हुनेछ,

(ग) कोषको आन्तरिक लेखा परिक्षण नगरपालिकाको आन्तरिक लेखा परिक्षण शाखावाट हुनेछ,

(घ) कोषको अन्तिम लेखा परिक्षण महालेखा परिक्षकवाट हुनेछ,

## परिच्छेद – ५
## कोषको खर्च प्रणाली

५. कोषवाट हुने खर्च: मर्मत सम्भार कोषमा जम्मा हून आएको रकम देहाय वमोजिमको मर्मत सम्भार कार्यमा मात्र खर्च गरिने छ।

१. भौतिक पुर्वाधारहरु नियमित मर्मत सम्भार,

२. भौतिक पुर्वाधारहरु पटके मर्मत सम्भार,

३. भौतिक पुर्वाधारहरु आवधिक मर्मत सम्भार,

४. आकस्मिक मर्मत सम्भार,

५. दफा ३.१ बमोजिमको ब्यवस्थापन समितिले मर्मत संभारको निम्ती आवश्यकता महशुस गरी तत्काल मर्मत गर्नको लागि छुट्याएको रकम,

## परिच्छेद –६

### ६.मर्मत सम्भार कार्य गराउने व्यवस्था

मर्मत सम्भार कोष व्यवस्थापन समितिको सिफारिसमा नगरपालिकाभित्र रहेका भौतिक पुर्वाधार नियमित मर्मत सम्भार, पटके मर्मत, आवधिक मर्मत सम्भार स्थानीय उपभोक्तावाट अधिकतम रुपमा स्थानीय श्रोत साधन र जनशक्तिको प्रयोग गरी जनसहभागिता जुटाएर र अमानतवाट समेत मर्मतस्भार प्रभावकारी रुपमा सञ्चालन गरिने छ। उपभोक्ता समितिवाट कार्य गराउदा नगरपालिकाबाट स्वीकृत उपभोक्ता समिति कार्यविधि अनुसार गरिने छ। भौतिक पुर्वाधारको नियमित मर्मत सम्भार, पटके मर्मत सम्भार, आवधिक मर्मत सम्भार, आकस्मिक मर्मत सम्भार कार्यालयले अमानत वा सार्वजनिक खरिद ऐन, २०६३, तथा सार्वजनिक खरिद नियमावली, २०६४ को अधिनमा रही गराउन सक्नेछ।

## परिच्छेद – ७
## विविध

७.१ मर्मत सम्भार कोष संचालन कार्यविधि संशोधन वा खारेज गर्नु परेमा नगरकार्यपालिकाबाट संशोधन गर्न सकिने छ ।

७.२ यो कार्यविधिमा उल्लेख भएको कुराहरुको हकमा यसै कार्यविधि अनुसार र उल्लेख नभएको हकमा प्रचलित ऐन नियम अनुसार हुने छ ।

७.३ यस कार्यविधिमा लेखिएका कूराहरु प्रचलित स्थानीय सरकार संचालन ऐन, २०७४ सँग बाझिएको हदसम्म स्वत:निष्कृय हुनेछन् ।